# सामाजिक विकास मन्त्रालयबाट सञ्चालन गरीने स्वास्थ्यतर्फको कार्यक्रम कार्यान्वयन पुस्तिका

## (आ.व. २०७६/७७)

(मा.मन्त्रीस्तरीय निर्णयबाट स्वीकृत मिति २०७६/०६/०८)

प्रदेश सरकार

## सामाजिक विकास मन्त्रालय

प्रदेश नं. ३

हेटौंडा, मकवानपुर, नेपाल

## विषयसूची

१· हेटौडा अस्पताल निर्माण ........ १

२· प्रादेशिक आयुर्वेद तथा वैकल्पिक चिकित्सा अस्पताल अंचल र जिल्ला आयुर्बेद स्वास्थ्य संस्थाहरु आयुर्बेद तथा बैकल्पिक चिकित्सालयका रुपमा स्तरोन्नति गर्नका लागि डि पि आर निर्माण........ १

३· मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान भवनको डीपीआर, इआए रिपोर्ट र गुरुयोजना तयार गर्ने २

४· स्वास्थ्य(आयुर्वेद समेत) सम्बन्धी अपरेसनल रिसर्चका लागि अनुदान ........ २

५· औषधी निगरानी(Pharmacovigilance) तथा समुचित प्रयोग सम्बन्धी सचेतना कार्यक्रम ........ ३

६· मुख्यमन्त्री जनता स्वास्थ्य परीक्षण कार्यक्रम........ ४

७· प्रदेश भित्रका उत्कृष्ट स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीलाई पुरस्कृत तथा प्रोत्साहान कार्यक्रम .... ५

८· निशुल्क नवजात शिशु कार्यक्रम तथा आमा सुरक्षा कार्यक्रमका लागि अस्पताललाई अनुदान(संघीय अनुदानले नपुग भएमा मात्र उपलव्ध गराउने)........ ६

९· सामुदायिक तथा गैर नाफामुलक अस्पतालहरूलाई सेवा विस्तार अनुदान ........ ६

१०· राजमार्ग क्षेत्रमा रहेका स्वास्थ्य संस्थालाई सडक दुर्घटनाको आकश्मिक रेस्पोन्स सेन्टरको रुपमा सवलीकरण गर्न अनुदान ........ ७

११· स्वास्थ्य सम्बन्धी ऐन, नियम,मापदण्ड, कार्यविधि, निर्देशिका तयारी ........ ८

१२· प्रदेश भित्र रहेको एक अस्पतालबाट एकीकृतरुपमा आधुनिक चिकित्सा तथा वैकल्पिक चिकित्सा सेवा प्रदान गर्न नमुना कार्यक्रम........ ८

१३· कलकारखाना तथा औद्योगिक क्षेत्रमा काम गर्ने श्रमिकहरुका लागि व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षा सम्बन्धी अभिमुखिकरण........ ९

१४· स्वास्थ्य कार्यक्रमको अनुगमन तथा प्राविधिक सहयोग........ १०

१५· मातृ तथा बाल बचाउ आयोजना(विशेष अनुदान) ........ १०

१६· महिला तथा बाल स्वास्थ्य प्रवर्द्धन आयोजना (विशेष अनुदान)........ ११

१८· स्वास्थ्य परीक्षण वर्ष २०७६।७७ अभियान(मुख्यमन्त्री जनता स्वास्थ्य परिक्षण कार्यक्रम नसर्ने रोग सम्वन्धी जनचेतना फैलाउन सूचनाका सामाग्री विकास, प्रकाशन, प्रसारण र सचेतना कार्यक्रम आदि) ........ १२

१९· मन्त्रालय एंव मन्त्रालय अन्तर्गत रहेका कार्यालयहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण(Organization & Management Survey) ............ १३
२०· खगेन्द्र नवजीवन केन्द्र, जोरपाटीलाई औजार उपकरण खरीद अनुदान ............ १४
२३· भक्तपुर क्यान्सर अस्पतालका सुधारका लागि चालु अनुदान ............ १६
२४· कीटनासक झुल खरीद ............ १६
२५· मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई चालु अनुदान ............ १७
२६· योगी नरहरीनाथ योग तथा प्राकृतिक चिकित्सालय विकास, विस्तार स्तरोन्नती ............ १८
२७· विकलाङ्ग, मित्र समूह/ अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापना केन्द्र बनेपा न·पा· ११ लाई अनुदान ............ १८

**१· हेटौडा अस्पताल निर्माण**

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू. हजारमा) | समय अवधि (चौमसिक) |
|---|---|---|---|---|---|
| ११.१.२.१ | ३१११२ | १ | पटक | ५०००० | पहिलो, दोश्रो, तेश्रो |

| शीर्षक | विवरण |
|---|---|
| उद्देश्य | मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान सञ्चालनका लागि भवन निर्माण गर्ने । |
| सञ्चालन प्रक्रिया | १. भवन निर्माणका लागि जग्गा प्राप्ती गर्ने । ।<br>२. आर्थिक कार्यविधि ऐन तथा नियमावली बमोजिमको प्रक्रिया अनुसार डिपिआर, इआए र गुरुयोजना तयार गर्ने ।<br>३. डिपिआर र गुरुयोजना अनुसार भवन निर्माण कार्य गर्ने । |
| बजेट बाँडफाँड | प्रचलित नियमानुसार खर्च बाँडफाँड गरी कार्यालय प्रमुखबाट टिप्पणी स्वीकृत गराई मात्र कार्यक्रम संचालन गर्नुपर्नेछ । |
| अपेक्षित उपलव्धी | मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका लागि भवन निर्माण हुने । |
| अनुगमन र मुल्याङ्कन | सामाजिक विकास मन्त्रालयले कार्यक्रमको अनुगमन, मुल्यांकन गर्नुपर्नेछ । |
| प्रतिवेदन प्रणाली | क्रियाकलाप अनुसार प्रतिवेदन गर्नुपर्नेछ । |

**२· प्रादेशिक आयुर्वेद तथा वैकल्पिक चिकित्सा अस्पताल अंचल र जिल्ला आयुर्बेद स्वास्थ्य संस्थाहरु आयुर्बेद तथा बैकल्पिक चिकित्सालयका रुपमा स्तरोन्नति गर्नका लागि डि पि आर निर्माण**

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू. हजारमा) | समय अवधि (चौमसिक) |
|---|---|---|---|---|---|
| ११.५.२४.२ | ३११७२ | ३ | पटक | ३००० | पहिलो |

| शीर्षक | विवरण |
|---|---|
| उद्देश्य | प्रादेशिक आयुर्वेद तथा वैकल्पिक चिकित्सा अस्पताल अंचल र जिल्ला आयुर्बेद स्वास्थ्य संस्थाहरु आयुर्बेद तथा बैकल्पिक चिकित्सालयका रुपमा स्तरोन्नति गर्ने। |
| सञ्चालन प्रक्रिया | १. संघीय स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, आयूर्वेद विभागसंग समन्वय गरी प्रदेश भित्र सञ्चालन भएका जिल्ला/अञ्चल आयूर्वेद स्वास्थ्य केन्द्र/औषधालयको स्तरोन्नतीका लागि विज्ञ सहितको वैठक वस्ने ।<br>२. बैठकको सुझाव अनुसार तीनै क्षेत्र(हिमाल, पहाड, तराई) का लागि आवश्यक आयुर्बेद तथा बैकल्पिक चिकित्सालयमा स्तरोन्नति गर्नका लागि डि पि आर निर्माण गर्न प्रक्रिया थाल्ने ।<br>३. आर्थिक कार्यविधि ऐन तथा नियमावली बमोजिमको प्रक्रिया अनुसार डिपिआर तयार गर्ने । |
| बजेट बाँडफाँड | प्रचलित नियमानुसार खर्च बाँडफाँड गरी कार्यालय प्रमुखबाट टिप्पणी स्वीकृत गराई मात्र कार्यक्रम संचालन गर्नुपर्नेछ । |
| अपेक्षित उपलव्धी | प्रादेशिक आयुर्वेद तथा वैकल्पिक चिकित्सा अस्पताल अंचल र जिल्ला आयुर्बेद स्वास्थ्य संस्थाहरु आयुर्बेद तथा बैकल्पिक चिकित्सालयका रुपमा स्तरोन्नति गर्न सहयोग हुने । |

| | |
|---|---|
| अनुगमन र मुल्याङ्कन | सामाजिक विकास मन्त्रालयले कार्यक्रमको अनुगमन, मुल्यांकन गर्नुपर्नेछ। |
| प्रतिवेदन प्रणाली | क्रियाकलाप अनुसार प्रतिवेदन गर्नुपर्नेछ । |

**३· मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान भवनको डीपीआर, इआए रिपोर्ट र गुरुयोजना तयार गर्ने**

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू. हजारमा) | समय अवधि (चौमसिक) |
|---|---|---|---|---|---|
| ११.५.२४.८ | ३११७२ | १ | पटक | २५०० | पहिलो |

| शीर्षक | विवरण |
|---|---|
| उद्देश्य | मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान भवन निर्माण गर्ने । |
| सञ्चालन प्रक्रिया | ४. मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको लागि जग्गा प्राप्ती गर्ने । ।<br>५. आर्थिक कार्यविधि ऐन तथा नियमावली बमोजिमको प्रक्रिया अनुसार डिपिआर, इआए र गुरुयोजना तयार गर्ने । |
| बजेट बाँडफाँड | प्रचलित नियमानुसार खर्च वाँडफाँड गरी कार्यालय प्रमुखबाट टिप्पणी स्वीकृत गराई मात्र कार्यक्रम संचालन गर्नुपर्नेछ। |
| अपेक्षित उपलव्धी | मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान भवन निर्माण गर्ने आवश्यक डीपीआर, इआए रिपोर्ट र गुरुयोजना तयार हुने । |
| अनुगमन र मुल्याङ्कन | सामाजिक विकास मन्त्रालयले कार्यक्रमको अनुगमन, मुल्यांकन गर्नुपर्नेछ। |
| प्रतिवेदन प्रणाली | क्रियाकलाप अनुसार प्रतिवेदन गर्नुपर्नेछ । |

**४· स्वास्थ्य(आयुर्वेद समेत) सम्बन्धी अपरेसनल रिसर्चका लागि अनुदान**

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू. हजारमा) | समय अवधि (चौमसिक) |
|---|---|---|---|---|---|
| ११.५.३३.१ | ३११७२ | १ | पटक | २००० | दोश्रो |

| शीर्षक | विवरण |
|---|---|
| उद्देश्य | स्वास्थ्यकर्मीहरुको समुदायमा रहेको स्वास्थ्य समस्याहरुको वारेमा तथ्यमा आधारीत तथ्याङ्क निर्माण गर्न अध्ययन अनुसन्धान गर्ने वानीको विकास गर्ने। |
| सञ्चालन प्रक्रिया | १. प्रदेशमा स्वास्थ्य सम्बन्धी अपरेसनल रिसर्चका लागि विज्ञहरुको सहयोगमा मापदण्ड तयार गर्ने<br>२. प्रदेशभित्र रहेका स्वास्थ्य संस्थामा कार्यरत सेवा प्रदायकहरु वा स्वास्थ्य विज्ञान विषयमा स्नाकोत्तर अध्ययन गर्ने विद्यार्थीबाट अपरेसनल अनुसन्धान गर्न प्रस्ताव अव्हान गर्ने । |

| | |
|---|---|
| | ३. विज्ञ सम्मिलित समितिबाट योग्य प्रस्तावहरु छनौट गरी बढीमा दुई लाखसम्मको अनुदान दिने<br>४. प्राप्त नतिजाको सरोकारवालाहरु विच सार्वजनीकिरण(Dissemination) गर्ने । |
| बजेट बाँडफाँड | प्रचलित नियमानुसार खर्च वाँडफाँड गरी कार्यालय प्रमुखबाट टिप्पणी स्वीकृत गराई मात्र कार्यक्रम संचालन गर्नुपर्नेछ । |
| अपेक्षित उपलव्धी | तथ्यमा आधारीत सूचनाका लागि अध्ययन अनुसन्धान गर्ने परिपाटीको विकास हुने । । |
| अनुगमन र मुल्याङ्कन | सामाजिक विकास मन्त्रालयले कार्यक्रमको अनुगमन, मुल्यांकन गर्नुपर्नेछ । |
| प्रतिवेदन प्रणाली | क्रियाकलाप अनुसार प्रतिवेदन गर्नुपर्नेछ । |

**५· औषधी निगरानी(Pharmacovigilance) तथा समुचित प्रयोग सम्बन्धी सचेतना कार्यक्रम**

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू. हजारमा) | समय अवधि (चौमसिक) |
|---|---|---|---|---|---|
| २.७.२२.६ | २२५२२ | ६ | पटक | ३००० | पहिलो, दोश्रो, तेश्रो |

| शीर्षक | विवरण |
|---|---|
| उद्देश्य | औषधी प्रयोग गर्नु पर्ने कारणहरु, प्रयोग पश्चात् शरीरमा देखाउने असरहरु तथा प्रति असरहरुको रोकथाम साथै औषधिको समुचित प्रयोग वारे जनचेतना अभिवृद्दी गर्ने । |
| सञ्चालन प्रक्रिया | १. चिकित्सक तथा स्वास्थ्यकर्मीहरुको लागि औषधी निगरानी सम्बन्धी सचेतना कार्यक्रमको आयोजना गर्ने ।<br>२. औषधीको समुचित प्रयोग सम्बन्धी कार्यक्रम सञ्चालनको लागि स्थानीय तहको सहयोगमा प्रदेश भित्र रहेका सरकारी, नीजि तथा सरकारी फार्मेसी तथा सेवा प्रदायक संस्थाको विवरण तयार गर्ने।<br>३. प्रदेश भित्रका सबै जिल्लाहरू समेटिने गरी कम्तिमा एक स्थानीय तहमा कार्यक्रम संचालन हुनेगरी कार्यक्रम तयार गर्ने।<br>३· छनौट भएका स्थानीय तहमा रहेका सम्पूर्ण सेवा प्रदायकहरू, उद्योग व्यवसायीको प्रतिनिधि,स्थानीय तहको प्रतिनिधि, उपभोक्ता संघको प्रतिनिधि सम्मिलित समूहलाई १(एक) दिने सचेतना कार्यक्रमको आयोजना गर्ने ।<br>४· उक्त कार्यक्रममा औषधी सम्बन्धी कानूनी व्यवस्था, स्थानीय तह, सेवा प्रदायकको भूमिकालगायतको विषयमा अन्तक्रिया गर्ने।<br>५· यो कार्यक्रम अन्तर्गत सचेतनाको लागि आवश्यक व्रोसियर, लिफलेट लगायतका सामाग्री विकास र उपादन गरी वितरण गरने ।<br>६· कार्यालयमा विषयसंग सम्बन्धित कर्मचारी वा विज्ञ नभएमा संघीय सरकारको सहयोग साथै बाह्य परामर्शदाताबाट समेत कार्यक्रम सञ्चालन गर्न सकिने । |

| | |
|---|---|
| बजेट बाँडफाँड | प्रचलित नियमानुसार खर्च बाँडफाँड गरी कार्यालय प्रमुखबाट टिप्पणी स्वीकृत गराई मात्र कार्यक्रम संचालन गर्नुपर्नेछ । |
| अपेक्षित उपलव्धी | औषधीको समुचित प्रयोग, यसको महत्व र फाईदाको बारेमा सचेतना अभिवृद्दी हुनेछ । |
| अनुगमन र मुल्याङ्कन | सामाजिक विकास मन्त्रालयले कार्यक्रमको अनुगमन, मुल्यांकन गर्नुपर्नेछ । |
| प्रतिवेदन प्रणाली | क्रियाकलाप अनुसार प्रतिवेदन गर्नुपर्नेछ । |

**६. मुख्यमन्त्री जनता स्वास्थ्य परीक्षण कार्यक्रम**

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू. हजारमा) | समय अवधि (चौमसिक) |
|---|---|---|---|---|---|
| २.७.२२.१ | २२५२२ | १००००० | पटक | १००००० | पहिलो, दोश्रो, तेश्रो |

| शीर्षक | विवरण |
|---|---|
| उद्देश्य | नसर्ने रोगको समयमा नै सहि पहिचान, रोकथाम, उपचार र त्यसबाट हुने जटिलतालाई न्यूनीकरण गर्न साथै स्वास्थ्य परीक्षण र नसर्ने रोगहरु सम्बन्धी समुदायमा जनचेतना अभिवृद्वी गर्ने । |
| सञ्चालन प्रक्रिया | १. "मुख्यमन्त्री जनता स्वास्थ्य परीक्षण कार्यक्रम संचालन कार्यविधि २०७६" तयार गरी स्वीकृत गर्ने ।<br>२. कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सहयोग गर्न परामर्श सेवाबाट एक जना प्रमुख परामर्शदाता र अनुगमन मुल्याङ्कन अधिकृत करारमा लिने ।<br>३. गत आ.व. मा कार्यक्रम सञ्चालन भएको अस्पतालका अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिका अध्यक्ष तथा अस्पताल प्रमुखसंग समिक्षा कार्यक्रम संचालन गर्ने ।<br>४. कार्यक्रम संचालन कार्यविधि अनुसार प्रदेश मातहतका बाहेक अन्य सरकारी तथा गैरसरकारी/नीजि अस्पतालको सूचिकरण गर्ने ।<br>५. गत आ.व. मा कार्यक्रम सञ्चालन भएको तथा यस वर्ष विस्तार हुने अस्पतालका अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिका अध्यक्ष/कार्यकारी निर्देशक तथा अस्पताल प्रमुखसंग कार्यक्रम संचालन गर्ने योजना तर्जुमा गोष्ठी गर्ने ।<br>६. स्थानीय तह(११९ वटै)का प्रमुख वा उपप्रमुख, स्वास्थ्य शाखा प्रमुख, लगायत सरोकारवाला निकायका प्रमुख, प्रतिनिधि सहभागी गराई कार्यक्रम संचालन सम्बन्धि एक दिने समन्वय तथा अभिमुखिकरण कार्यक्रम संचालन गर्ने ।<br>७. कार्यक्रम सञ्चालन हुने अस्पतालमा करारमा नियुक्त गरीएका प्राविधिक जनशक्तिलाई तालिम प्रदान गर्ने ।<br>८. सम्बन्धित अस्पताललाई कार्यक्रम सञ्चालनका लागि बजेट विनियोजन गर्ने ।<br>९. कार्यविधि अनुसारको कार्य गर्न आवश्यकता अनुसार विभिन्न वैठक साथै मुख्य परामर्शदाताको परामर्श बमोजिम कार्यक्रम तयार गरी सञ्चालन गर्ने ।<br>१०. कार्यक्रमको नियमित अनुगमन तथा प्राविधिक सुपरिवेक्षण गर्नुपर्नेछ । |

| | |
|---|---|
| बजेट बाँडफाँड | प्रचलित नियमानुसार खर्च बाँडफाँड गरी कार्यालय प्रमुखबाट टिप्पणी स्वीकृत गराई मात्र कार्यक्रम संचालन गर्नुपर्नेछ। |
| अपेक्षित उपलव्धी | स्वास्थ्य प्रतिको सचेतना वृध्दि भै स्वास्थ्य परीक्षण गर्ने वानी विकास भई नसर्ने रोगहरुको जोखिम न्यूनीकरण साथै नसर्ने रोगको सहि समयमा पहिचान, रोकथाम र उपचार गरी त्यसबाट हुने जटिलता र मृत्युदर न्यूनीकरण हुने। |
| अनुगमन र मुल्याङ्कन | सामाजिक विकास मन्त्रालय, स्वास्थ्य निर्देशनालय तथा सम्बन्धित स्थानीय तहले कार्यक्रमको अनुगमन, मुल्यांकन गर्नुपर्नेछ। |
| प्रतिवेदन प्रणाली | क्रियाकलाप अनुसार प्रतिवेदन गर्नुपर्नेछ । |

**७. प्रदेश भित्रका उत्कृष्ट स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीलाई पुरस्कृत तथा प्रोत्साहान कार्यक्रम**

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू. हजारमा) | समय अवधि (चौमसिक) |
|---|---|---|---|---|---|
| २.७.२२.५ | २२५२२ | १ | पटक | १५०० | दोश्रो |

| शीर्षक | विवरण |
|---|---|
| उद्देश्य | प्रदेश भित्रका उत्कृष्ठ स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीलाई पुरस्कृत गरी कार्य सम्पादन उत्कृष्ट बनाउन प्रोत्साहान गर्ने । |
| सञ्चालन प्रक्रिया | १. "उत्कृष्ट स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मी" छनौटका लागि मन्त्रालय स्तरमा छनौट तथा सिफारिस समिति गठन गर्ने ।<br>२. समितिले प्रदेश भित्र सेवा दिने स्वास्थ्य संस्था र स्वास्थ्यकर्मी छनौटका लागि विभिन्न सूचक राखी कार्यविधि तयार गरी स्वीकृत गर्ने ।<br>३. स्वीकृत कार्यविधि अनुसार स्वास्थ्य संस्था र स्वास्थ्यकर्मी छनौट गरी मन्त्रालयमा सिफारीस गर्ने ।<br>४. राष्ट्रिय स्वास्थ्य दिवसको अवसर पारेर कार्यक्रम आयोजना गरी उत्कृष्ट स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीलाई पुरस्कृत गर्ने । |
| बजेट बाँडफाँड | प्रचलित नियमानुसार खर्च बाँडफाँड गरी कार्यालय प्रमुखबाट टिप्पणी स्वीकृत गराई मात्र कार्यक्रम संचालन गर्नुपर्नेछ। |
| अपेक्षित उपलव्धी | स्वास्थ संस्था तथा स्वास्थ्यकर्मीको मनोवल उच्च भई कार्य सम्पादनमा सुधार आउने । |
| अनुगमन र मुल्याङ्कन | सामाजिक विकास मन्त्रालयले कार्यक्रमको अनुगमन, मुल्यांकन गर्नुपर्नेछ। |
| प्रतिवेदन प्रणाली | क्रियाकलाप अनुसार प्रतिवेदन गर्नुपर्नेछ । |

### ८· निशुल्क नवजात शिशु कार्यक्रम तथा आमा सुरक्षा कार्यक्रमका लागि अस्पताललाई अनुदान(संघीय अनुदानले नपुग भएमा मात्र उपलब्ध गराउने)

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू. हजारमा) | समय अवधि (चौमसिक) |
|---|---|---|---|---|---|
| २.७.२२.१२ | २२५२२ | १ | पटक | ५००० | तेश्रो |

| शीर्षक | विवरण |
|---|---|
| उद्देश्य | निशुल्क नवजात शिशु कार्यक्रम तथा आमा सुरक्षा कार्यक्रमका लागि अस्पताललाई कार्यक्रम संचालनमा अपुग भएमा अनुदान प्रदान गर्ने । |
| सञ्चालन प्रक्रिया | १. अस्पतालबाट "निशुल्क नवजात शिशु कार्यक्रम तथा आमा सुरक्षा कार्यक्रम सञ्चालन गर्दा संघीय शसर्त अनुदानको विनियोजित बजेटबाट अपुग भएमा मात्र यो बजेट खर्च गर्न पाइने।<br>२. तेश्रो चौमासिकमा अस्पतालहरुबाट कार्यक्रमको दोश्रो चौमासिकसम्मको प्रगति प्रतिवेदन लिई कार्यक्रममा अपुग रकम माग गर्न अस्पताललाई पत्राचार गर्ने ।<br>३. अस्पतालहरुबाट प्राप्त मागलाई विश्लेषण गरी बजेटको परिधिभित्र रहि अस्पतालहरुलाई रकम निकासा गर्ने । |
| बजेट बाँडफाँड | प्रचलित नियमानुसार खर्च बाँडफाँड गरी कार्यालय प्रमुखबाट टिप्पणी स्वीकृत गराई मात्र कार्यक्रम संचालन गर्नुपर्नेछ । |
| अपेक्षित उपलव्धी | निःशुल्क नवजात शिशु कार्यक्रम तथा आमा सुरक्षा कार्यक्रमका सञ्चालनका लागि अस्पताललाई सहयोग हुने । |
| अनुगमन र मुल्याङ्कन | सामाजिक विकास मन्त्रालयले कार्यक्रमको अनुगमन, मुल्यांकन गर्नुपर्नेछ । |
| प्रतिवेदन प्रणाली | क्रियाकलाप अनुसार प्रतिवेदन गर्नुपर्नेछ । |

### ९· सामुदायिक तथा गैर नाफामुलक अस्पतालहरूलाई सेवा विस्तार अनुदान

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू. हजारमा) | समय अवधि (चौमसिक) |
|---|---|---|---|---|---|
| २.७.२२.३१ | २६४२३ | १० | पटक | २०००० | दोश्रो |

| शीर्षक | विवरण |
|---|---|
| उद्देश्य | प्रदेश भित्रका सामुदायिक तथा गैरनाफामुलक अस्पतालहरुलाई सेवा बिस्तार गरी स्वास्थ्य सेवामा पहुँच बढाउने तथा सुविधा सम्पन्न बनाउन सहयोग गर्ने । |
| सञ्चालन प्रक्रिया | १. अनुदान वितरणका लागि मन्त्रालयद्वारा कार्यविधि बनाउने ।<br>२. प्रदेश भित्रका सामुदायिक तथा गैर नाफामुलक अस्पतालहरुलाई तोकिएका ढाँचामा निवेदन पेश गर्नका लागि कार्य सञ्चालन गर्ने निकायले सूचना प्रकाशन गर्ने ।<br>३. कार्यविधिमा निर्धारित मूल्यांकनका आधारहरु बमोजिम मूल्यांकन गरी अनुदान वितरण गर्ने,<br>४. अनुदान प्राप्त गर्ने अस्पतालको विस्तारित सेवाहरुको स्थलगत अनुगमन गर्ने व्यवस्था गर्ने<br>५. अनुदान प्राप्त गर्ने अस्पतालले आफूले विस्तार गरेको सेवाको विस्तृत विवरणसहितको प्रतिवेदन |

| | |
|---|---|
| | आ .व. को अन्तमा मन्त्रालयमा पेश गर्नु पर्नेछ । |
| बजेट बाँडफाँड | प्रचलित नियमानुसार खर्च बाँडफाँड गरी कार्यालय प्रमुखबाट टिप्पणी स्वीकृत गराई मात्र कार्यक्रम संचालन गर्नुपर्नेछ । |
| अपेक्षित उपलव्धी | प्रदेश भित्रका सामुदायिक तथा गैरनाफामुलक अस्पतालहरु सुविधा सम्पन्न भई गुणस्तरीय सेवा प्रवाह गर्न सहयोग हुने । |
| अनुगमन र मुल्याङ्कन | सामाजिक विकास मन्त्रालयले कार्यक्रमको अनुगमन, मुल्यांकन गर्नुपर्नेछ । |
| प्रतिवेदन प्रणाली | क्रियाकलाप अनुसार प्रतिवेदन गर्नुपर्नेछ । |

**१०. राजमार्ग क्षेत्रमा रहेका स्वास्थ्य संस्थालाई सडक दुर्घटनाको आकश्मिक रेस्पोन्स सेन्टरको रुपमा सवलीकरण गर्न अनुदान**

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू. हजारमा) | समय अवधि (चौमसिक) |
|---|---|---|---|---|---|
| २.७.२२.३२ | २२६२२ | ४ | संख्या | १०००० | दोश्रो |

| शीर्षक | विवरण |
|---|---|
| उद्देश्य | राजमार्ग क्षेत्रमा रहेका स्वास्थ्य संस्थालाई सडक दुर्घटनाको आकश्मिक रेस्पोन्स सेन्टरको रुपमा सवलीकरण गर्ने । |
| सञ्चालन प्रक्रिया | १. अनुदान वितरणका लागि मन्त्रालयद्वारा कार्यविधि बनाइने ।<br>२. आकश्मिक रेस्पोन्स सेन्टरको रुपमा विकास गर्न सकिने राजमार्ग क्षेत्रमा रहेका स्वास्थ्य संस्थाहरुको सूची तयार गर्ने र सो को लागि स्थलगत अनुगमन गर्ने व्यवस्था गर्ने ।<br>३. अनुदान प्राप्त गर्ने अस्पतालले विस्तृत सवलीकरण कार्ययोजना मन्त्रालयमा पेश गर्नु पर्ने ।<br>४. कार्ययोजना अनुसार स्वास्थ्य संस्थालाई अनुदान दिने ।<br>५. कार्ययोजना अनुसार कार्य भए नभएको नियमित अनुगमन गर्ने ।<br>६. कार्य सम्पन्न भए पश्चात अनुदान लिएका संस्थाले प्रगति प्रतिवेदन मन्त्रालयमा पेश गर्न लगाउने । |
| बजेट बाँडफाँड | प्रचलित नियमानुसार खर्च बाँडफाँड गरी कार्यालय प्रमुखबाट टिप्पणी स्वीकृत गराई मात्र कार्यक्रम संचालन गर्नुपर्नेछ । |
| अपेक्षित उपलव्धी | राजमार्ग क्षेत्रमा रहेका स्वास्थ्य संस्थालाई सडक दुर्घटनाको आकश्मिक रेस्पोन्स सेन्टरको रुपमा सवलीकरण भई सडक दुर्घटनामा तत्काल आकस्मिक सेवाको पँहुच पुग्ने । |
| अनुगमन र मुल्याङ्कन | सामाजिक विकास मन्त्रालयले कार्यक्रमको अनुगमन, मुल्यांकन गर्नुपर्नेछ । |
| प्रतिवेदन प्रणाली | क्रियाकलाप अनुसार प्रतिवेदन गर्नुपर्नेछ । |

**११· स्वास्थ्य सम्बन्धी ऐन, नियम,मापदण्ड, कार्यविधि, निर्देशिका तयारी**

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू. हजारमा) | समय अवधि (चौमसिक) |
|---|---|---|---|---|---|
| २.७.२२.५३ | २२५२२ | ३ | पटक | १६९० | पहिलो, दोश्रो, तेश्रो |

| शीर्षक | विवरण |
|---|---|
| उद्देश्य | स्वास्थ्य सम्बन्धी ऐन, नियम,मापदण्ड, कार्यविधि, निर्देशिका तयारी गर्ने |
| सञ्चालन प्रक्रिया | १. आ.व २०७६।७७ मा मन्त्रालय, मातहतका निकाय तथा स्थानीय तहमा सञ्चालन हुने कार्यक्रमको निर्देशिका तयार गर्ने ।<br>२. मसौदा निर्देशिकामा सम्बन्धित पक्षको राय सुझावका लागि गोष्ठी सञ्चालन गर्ने ।<br>३. गोष्ठीबाट प्राप्त राय सुझावलाई समेटी कार्यक्रम सञ्चालन निर्देशिका तयार गरी स्वीकृत गरी सम्बन्धित निकायमा कार्यान्वयनका लागि पठाउने ।<br>४. स्वास्थ्य सम्बन्धी आवश्यक पर्ने ऐन, नियम, मापदण्डको सूची तयार गर्ने ।<br>५. तोकिए बमोजिमका प्रक्रिया पुरा गरी ऐन, नियम, मापदण्ड तर्जुमा गर्ने । |
| बजेट बाँडफाँड | प्रचलित नियमानुसार खर्च बाँडफाँड गरी कार्यालय प्रमुखबाट टिप्पणी स्वीकृत गराई मात्र कार्यक्रम संचालन गर्नुपर्नेछ । |
| अपेक्षित उपलव्धी | कार्यक्रम सञ्चालनका लागि आवश्यक निर्देशिका, ऐन, नियम तर्जुमा हुने । |
| अनुगमन र मुल्याङ्कन | सामाजिक विकास मन्त्रालयले कार्यक्रमको अनुगमन, मुल्यांकन गर्नुपर्नेछ । |
| प्रतिवेदन प्रणाली | क्रियाकलाप अनुसार प्रतिवेदन गर्नुपर्नेछ । |

**१२· प्रदेश भित्र रहेको एक अस्पतालबाट एकीकृतरुपमा आधुनिक चिकित्सा तथा वैकल्पिक चिकित्सा सेवा प्रदान गर्न नमुना कार्यक्रम**

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू. हजारमा) | समय अवधि (चौमसिक) |
|---|---|---|---|---|---|
| २.७.२२.५६ | २२५२२ | १ | पटक | ३००० | दोश्रो |

| शीर्षक | विवरण |
|---|---|
| उद्देश्य | अस्पतालबाट एकीकृतरुपमा आधुनिक चिकित्सा तथा वैकल्पिक चिकित्सा सेवा प्रदान गर्ने । |
| सञ्चालन प्रक्रिया | १. प्रदेश भित्र रहेको एक अस्पतालबाट एकीकृतरुपमा आधुनिक चिकित्सा तथा वैकल्पिक चिकित्सा सेवा प्रदान गर्न विस्तृत कार्ययोजना तयार गर्ने ।<br>२. उपयूक्त अस्पतालको छनौट गर्ने ।<br>३. कार्ययोजना अनुरुप सेवा सञ्चालनका लागि अस्पताललाई बजेट विनियोजन गर्ने ।<br>४. अस्पतालले एकीकृतरुपमा आधुनिक चिकित्सा तथा वैकल्पिक चिकित्सा सेवा प्रदान गर्ने ।<br>५. कार्यक्रमको नियमित अनुगमन गर्ने । |
| बजेट बाँडफाँड | प्रचलित नियमानुसार खर्च बाँडफाँड गरी कार्यालय प्रमुखबाट टिप्पणी स्वीकृत गराई मात्र कार्यक्रम संचालन गर्नुपर्नेछ । |

| | |
|---|---|
| अपेक्षित उपलव्धी | अस्पतालबाट एकिकृतरुपमा आधुनिक चिकित्सा तथा वैकल्पिक चिकित्सा सेवा प्रदान हुने । |
| अनुगमन र मुल्याङ्कन | सामाजिक विकास मन्त्रालयले कार्यक्रमको अनुगमन, मुल्यांकन गर्नुपर्नेछ। |
| प्रतिवेदन प्रणाली | क्रियाकलाप अनुसार प्रतिवेदन गर्नुपर्नेछ । |

**१३· कलकारखाना तथा औद्योगिक क्षेत्रमा काम गर्ने श्रमिकहरुका लागि व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षा सम्बन्धी अभिमुखिकरण**

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू. हजारमा) | समय अवधि (चौमसिक) |
|---|---|---|---|---|---|
| २.७.२२.७३ | २२५२२ | ५ | पटक | १५०० | दोश्रो, तेश्रो |

| शीर्षक | विवरण |
|---|---|
| उद्देश्य | प्रदेश भित्र रहेका कलकारखाना तथा अद्यौगिक क्षेत्रमा कार्य गर्ने श्रमिकमा हुने पेशागत स्वास्थ्य समस्याहरू र सो को रोकथाम पैरवी गरी सचेतना अभिवृद्धि गर्ने । |
| सञ्चालन प्रक्रिया | १. १· प्रदेश भित्र रहेका साना तथा मझौला कलकारखाना तथा अद्यौगिक व्यवसायमा संलग्न व्यवसायीको विवरण संकलन गर्ने ।<br>२. ती व्यवसायमा हुने पेशागत स्वास्थ्य समस्याहरू र सो को रोकथाम ,न्यूनिकरण बारे वहस , पैरवी गरी सचेतना जगाउन सो क्षेत्रको विज्ञ तथा व्यवसायी, पेशागत संगठन स्थानीय तहका , प्रतिनिधि सँगको समन्वय तथा सहकार्यमा कार्यक्रम तय गर्ने ।<br>३. व्यवसायी तथा श्रमिकहरूलाई पायक पर्ने स्थानमा स्वास्थ्य सचेतीकरण कार्यक्रम गर्ने।<br>४. कार्यक्रम गर्दा गत आ·व· मा गरीएको व्यवसाय बाहेक अन्य व्यवसाय र श्रमिक सम्मिलित गराई कार्यक्रम सञ्चालन गर्नुपर्ने।<br>५. कार्यक्रम सञ्चालन गर्न प्राप्त वजेटको परिधिमा रही अग्रिम कार्ययोजना तयार गरी स्वीकृत गराइ सोको १ प्रति विवरण मन्त्रालयमा पठाउनुपर्ने।<br>६. कार्यक्रम सम्पन्न भए पश्चात प्रतिवेदन तयार गर्ने। |
| बजेट बाँडफाँड | नेपाल सरकारको प्रचलित आर्थिक ऐन र नियमअनुसार बजेटको परिधिभित्र रहि पारिश्रमीक, दैनिक भ्रमण भत्ता, यातायात, खाजा, स्टेशनरी, हल भाडा, तालीम, शैक्षिक सामाग्री, ब्यानर र विविध आदिमा खर्च योजना तयार गरी अग्रिम स्वीकृत गराएर खर्च गर्ने व्यवस्था गर्नुपर्नेछ । |
| अपेक्षित उपलव्धी | श्रमिक तथा व्यवसायीहरुमा व्यवसायजन्य स्वास्थ्य स्वास्थ्य समस्या बारे चेतना अभिवृद्धी भई स्वास्थ्य प्रवर्धन हुने । |
| अनुगमन र मुल्याङ्कन | सामाजिक विकास मन्त्रालयले कार्यक्रमको अनुगमन, मुल्यांकन गर्नुपर्नेछ। |
| प्रतिवेदन प्रणाली | चौमासिक रुपमा मन्त्रालयलाई प्रतिवेदन गर्नुपर्नेछ । |

**१४· स्वास्थ्य कार्यक्रमको अनुगमन तथा प्राविधिक सहयोग**

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू. हजारमा) | समय अवधि (चौमसिक) |
|---|---|---|---|---|---|
| २.७.२२.७८ | २२५२२ | ५० | पटक | २५०० | पहिलो, दोश्रो, तेश्रो |

| शीर्षक | विवरण |
|---|---|
| उद्देश्य | मन्त्रालय, मन्त्रालय मातहतका कार्यालय, स्थानीयतहका स्वास्थ्य कार्यक्रम तथा सेवा प्रवाहको स्थिति तथा गुणस्तरीयता ल्याउन अनसाइट कोचिंग गरी ज्ञान शिप र क्षमतामा अभिवृद्धी र पृष्ठपोषण गर्ने । |
| सञ्चालन प्रक्रिया | १. बजेटको परिधि भित्र रहेर कुन महिनामा कुन संस्थामा अनसाइट कोचिङ्ग गर्ने भनी योजना बनाउने ।<br>२. कार्यक्रमसंग सम्बन्धित प्राविधिक तथा प्रशासनिक कर्मचारीहरु सम्मिलित टोली बनाई अनसाईट कोचिङ्ग गर्ने ।<br>३. प्रत्येक पटक अनुगमन गर्दा जुन संस्थामा अनुगमन गर्न गएको हो त्यहाको व्यबस्थापन/ सहयोग समिति र अन्य आवश्यक कर्मचारीहरुसँग बैठक बसी संस्था, कार्यक्रमको सञ्चालन स्थिति एवं वाधाहरु, सेवाको प्रभावकारिता र गुणस्तरीयताका लागि छलफल / अन्तरक्रिया गरी बैठकको माइनुटिङ्ग गर्ने ।<br>४. कार्यक्रम र सेवाको आवश्यकता अनुसार प्रशासनिक र आर्थिक विवरण संकलन गर्ने ।<br>५. अनुगमन पश्चात प्रतिवेदन तयार गर्ने । |
| बजेट बाँडफाँड | भ्रमण खर्च नियमावली अनुसार कार्यालय प्रमुखबाट चौमासिक रुपमा टिप्पणी स्वीकृत गराई बुदा नं. ३, ४ र प्रतिवेदन प्रणाली वमोजिमको प्रतिवेदनको आधारमा मात्र भुक्तानी गर्नुपर्नेछ । |
| अपेक्षित उपलव्धी | कार्यक्रम तथा सेवाको गुणस्तरीयतामा वृद्धी हुने। |
| अनुगमन र मुल्याङ्कन | सामाजिक विकास मन्त्रालयले कार्यक्रमको अनुगमन, मुल्यांकन गर्नुपर्नेछ । |
| प्रतिवेदन प्रणाली | चौमासिक रुपमा मन्त्रालयलाई प्रतिवेदन गर्नुपर्नेछ । |

**१५· मातृ तथा बाल बचाउ आयोजना(विशेष अनुदान)**

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू. हजारमा) | समय अवधि (चौमसिक) |
|---|---|---|---|---|---|
| २.७.२२.८१ | २२५२२ | १ | पटक | १०० | दोश्रो |

| शीर्षक | विवरण |
|---|---|
| उद्देश्य | मातृ मृत्यु तथा बाल मृत्युदर घटाउने । |
| सञ्चालन प्रक्रिया | १. यो संघीय सरकारबाट माग गरिएको विशेष अनुदान हो ।<br>२. विस्तृत कार्यक्रम तयार गरी विशेष अनुदानको रुपमा प्रस्ताव पेश गर्ने । |

| | |
|---|---|
| | ३. प्रस्ताव स्वीकृत भएमा तोकिए बमोजिम कार्यक्रम सञ्चालन गर्ने । |
| बजेट बाँडफाँड | स्वीकृत कार्ययोजना अनुसार प्रचलित आर्थिक ऐन, नियम अनुसार |
| अपेक्षित उपलव्धी | मातृ मृत्यु तथा बाल मृत्युदर घट्न सहयोग हुने । |
| अनुगमन र मुल्याङ्कन | सामाजिक विकास मन्त्रालयले कार्यक्रमको अनुगमन, मुल्यांकन गर्नुपर्नेछ। |
| प्रतिवेदन प्रणाली | चौमासिक रुपमा मन्त्रालयलाई प्रतिवेदन गर्नुपर्नेछ । |

**१६· महिला तथा बाल स्वास्थ्य प्रवर्द्धन आयोजना (विशेष अनुदान)**

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू. हजारमा) | समय अवधि (चौमसिक) |
|---|---|---|---|---|---|
| २.७.२२.८२ | २२५२२ | १ | पटक | १०० | दोश्रो |

| शीर्षक | विवरण |
|---|---|
| उद्देश्य | महिला तथा बाल स्वास्थ्य प्रर्वद्वन गर्ने । |
| सञ्चालन प्रक्रिया | ४. यो संघीय सरकारबाट माग गरिएको विशेष अनुदान हो ।<br>५. विस्तृत कार्यक्रम तयार गरी विशेष अनुदानको रुपमा प्रस्ताव पेश गर्ने ।<br>६. प्रस्ताव स्वीकृत भएमा तोकिए बमोजिम कार्यक्रम सञ्चालन गर्ने । |
| बजेट बाँडफाँड | स्वीकृत कार्ययोजना अनुसार प्रचलित आर्थिक ऐन, नियम अनुसार |
| अपेक्षित उपलव्धी | महिला तथा बाल स्वास्थ्य प्रर्वद्वन हुने । |
| अनुगमन र मुल्याङ्कन | सामाजिक विकास मन्त्रालयले कार्यक्रमको अनुगमन, मुल्यांकन गर्नुपर्नेछ। |
| प्रतिवेदन प्रणाली | चौमासिक रुपमा मन्त्रालयलाई प्रतिवेदन गर्नुपर्नेछ । |

**१७· एक विद्यालय एक नर्स कार्यक्रमको विस्तारका लागि करार सेवामा बिद्यालय नर्स छनौट प्रक्रिया, अभिमुखीकरण बिद्यालय नर्सहरुलाई सेवा प्रवेश तथा क्षमता अभिबृद्दि तालिम**

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू. हजारमा) | समय अवधि (चौमसिक) |
|---|---|---|---|---|---|
| २.७.२२.८४ | २२५२२ | ६ | पटक | ७००० | पहिलो, दोश्रो, तेश्रो |

| शीर्षक | विवरण |
|---|---|
| उद्देश्य | एक विद्यालय एक नर्स कार्यक्रम" निरन्तरता तथा विस्तारका लागि कर्मचारी छनौट, स्थानीय तह लगायत सरोकारबालासंगको अभिमुखिकरण तथा विद्यालय नर्सको क्षमता अभिवृद्धि गर्ने। |

| | |
|---|---|
| सञ्चालन प्रक्रिया | १. "एक विद्यालय एक नर्स कार्यक्रम संचालन कार्यविधि २०७६" तयार गरी स्वीकृत गर्ने । ।<br>२. कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सहयोग गर्न परामर्श सेवाबाट एक जना विद्यालय नर्सिङ्ग अधिकृत करारमा लिने ।<br>३. कार्यक्रम सञ्चालन भएको तथा विस्तार हुने स्थानीय तह(११९ वटै)का प्रमुख वा उपप्रमुख, स्वास्थ्य शाखा प्रमुख, लगायत सरोकारवाला निकायका प्रमुख, प्रतिनिधि सहभागी गराई एक विद्यालय एक नर्स कार्यक्रम संचालन सम्बन्धी एक दिने समन्वय तथा अभिमुखिकरण कार्यक्रम संचालन गर्ने ।<br>४. "एक विद्यालय एक नर्स कार्यक्रम संचालन कार्यविधि २०७६" वमोजिम सेवा करारमा विद्यालय नर्स छनौट गरी स्थानीय तहमा पठाउने ।<br>५. करारमा नियुक्त गरीएका विद्यालय नर्सहरुलाई ५ दिने सेवा प्रवेश तालिम ब्यबस्थापन गर्ने।<br>६. विस्तार हुने विद्यालयका प्रधानाध्यापकलाई २ दिने अभिमुखिकरण प्रदान गर्ने ।<br>७. कार्यक्रमको दुईदिने समीक्षा तथा भावी योजना तर्जुमा गोष्ठी संचालन गर्ने ।<br>८. कार्यक्रमको नियमित अनुगमन तथा प्राविधिक सुपरिवेक्षण गर्ने । |
| बजेट बाँडफाँड | प्रचलित नियमानुसार खर्च वाँडफाँड गरी कार्यालय प्रमुखबाट टिप्पणी स्वीकृत गराई मात्र कार्यक्रम संचालन गर्नुपर्नेछ । |
| अपेक्षित उपलव्धी | प्रदेशभित्रका सवै स्थानीय तहमा कार्यक्रम विस्तार तथा सञ्चालन भई विद्यालयका बालबालिकाको स्वास्थ्य सुधार हुने । |
| अनुगमन र मुल्याङ्कन | सामाजिक विकास मन्त्रालय, स्वास्थ्य निर्देशनालय, शिक्षा विकास निर्देशनालय, सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय तथा सम्बन्धित स्थानीय तहले कार्यक्रमको अनुगमन, मुल्यांकन गर्नुपर्नेछ । |
| प्रतिवेदन प्रणाली | क्रियाकलाप अनुसार प्रतिवेदन गर्नुपर्नेछ । |

**१८· स्वास्थ्य परीक्षण वर्ष २०७६।७७ अभियान(मुख्यमन्त्री जनता स्वास्थ्य परिक्षण कार्यक्रम नसर्ने रोग सम्वन्धी जनचेतना फैलाउन सूचनाका सामाग्री विकास, प्रकाशन, प्रसारण र सचेतना कार्यक्रम आदि)**

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू. हजारमा) | समय अवधि (चौमसिक) |
|---|---|---|---|---|---|
| २.७.२२.८६ | २२५२२ | १ | पटक | १०००० | पहिलो, दोश्रो, तेश्रो |

| शीर्षक | विवरण |
|---|---|
| उद्देश्य | नसर्ने रोगको समयमा नै सहि पहिचान, रोकथाम, उपचार र त्यसबाट हुने जटिलतालाई न्यूनीकरण गर्न स्वास्थ्य परीक्षण र नसर्ने रोग सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने । |
| सञ्चालन प्रक्रिया | १. "मुख्यमन्त्री जनता स्वास्थ्य परीक्षण कार्यक्रमका लागि विभिन्न माध्यमबाट नसर्ने रोग रोकथाम तथा स्वास्थ्य परीक्षण वर्ष मनाउन कार्ययोजना तयार गर्ने ।<br>२. कार्ययोजना तयार गर्दा देहाय बमोजिमका क्रियाकलाप संलग्न गर्ने ।<br>क. प्रत्येक जिल्लामा स्वास्थ्य परीक्षण वर्ष अभियानका जनचेतनामूलक कार्यक्रम<br>ख. विद्युतीय र छापा माध्यामबाट सन्देस प्रसारण<br>ग. मुख्य मन्त्री जनता स्वास्थ्य परीक्षण कार्यक्रम लागू भएका अस्पतालमा विभिन्न |

| | |
|---|---|
| | प्रकारका जनचेतनामूलक माउन्टेड पोष्टर राख्ने ।<br>घ. निर्देशक समितिको बैठकबाट निर्णय भएको कार्यक्रम सञ्चालन गर्ने ।<br>३. मुख्य मन्त्री जनता स्वास्थ्य परीक्षण निर्देशक समितिको बैठकबाट निर्णय भएका तथा मुख्य परामर्शदाताले दिएको सुझाव अनुसारका सूचना संचारका गतिविध संचालन गर्ने।<br>४. कार्यक्रमको नियमित अनुगमन तथा प्राविधिक सुपरिवेक्षण गर्ने । |
| बजेट बाँडफाँड | प्रचलित नियमानुसार खर्च बाँडफाँड गरी कार्यालय प्रमुखबाट टिप्पणी स्वीकृत गराई मात्र कार्यक्रम संचालन गर्नुपर्नेछ । |
| अपेक्षित उपलव्धी | स्वास्थ्य प्रतिको सचेतना वृध्दि भै स्वास्थ्य परीक्षण गर्ने वानी विकास भई नसर्ने रोगहरुको जोखिम न्यूनीकरण साथै नसर्ने रोगको सहि समयमा पहिचान, रोकथाम र उपचार गरी त्यसबाट हुने जटिलता र मृत्युदर न्यूनीकरण हुने। |
| अनुगमन र मुल्याङ्कन | सामाजिक विकास मन्त्रालय, स्वास्थ्य निर्देशनालय तथा सम्बन्धित स्थानीय तहले कार्यक्रमको अनुगमन, मुल्यांकन गर्नुपर्नेछ । |
| प्रतिवेदन प्रणाली | क्रियाकलाप अनुसार प्रतिवेदन गर्नुपर्नेछ । |

**१९· मन्त्रालय एंव मन्त्रालय अन्तर्गत रहेका कार्यालयहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण(Organization & Management Survey)**

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू. हजारमा) | समय अवधि (चौमसिक) |
|---|---|---|---|---|---|
| २.७.२२.87 | २२५२२ | १ | पटक | ३००० | पहिलो, दोश्रो, तेश्रो |

| शीर्षक | विवरण |
|---|---|
| उद्देश्य | मन्त्रालय एंव मन्त्रालय अन्तर्गत रहेका कार्यालयहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण(Organization & Management Survey) गर्ने । |
| सञ्चालन प्रक्रिया | १. नियमानुसार मन्त्रालयमा संगठन तथा व्यवस्थापन सर्वेक्षण समिति गठन गर्ने ।<br>२. मस्यौदामा सम्बन्धित पक्षको राय सुझावका लागि बैठक तथा गोष्ठी सञ्चालन गर्ने ।<br>३. गोष्ठीबाट प्राप्त राय सुझावलाई समेटी संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन तयार गरी स्वीकृतीका लागि सम्बन्धित निकायमा पठाउने । |
| बजेट बाँडफाँड | प्रचलित नियमानुसार खर्च बाँडफाँड गरी कार्यालय प्रमुखबाट टिप्पणी स्वीकृत गराई मात्र कार्यक्रम संचालन गर्नुपर्नेछ । |
| अपेक्षित उपलव्धी | मन्त्रालय एंव मन्त्रालय अन्तर्गत रहेका कार्यालयहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण हुने । |
| अनुगमन र मुल्याङ्कन | सामाजिक विकास मन्त्रालयले कार्यक्रमको अनुगमन, मुल्यांकन गर्नुपर्नेछ । |

| | |
|---|---|
| प्रतिवेदन प्रणाली | क्रियाकलाप अनुसार प्रतिवेदन गर्नुपर्नेछ । |

**२०· खगेन्द्र नवजीवन केन्द्र, जोरपाटीलाई औजार उपकरण खरीद अनुदान**

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू. हजारमा) | समय अवधि (चौमसिक) |
|---|---|---|---|---|---|
| २.७.२३.३ | २६४२३ | १ | पटक | २००० | पहिलो, दोश्रो, तेश्रो |

| शीर्षक | विवरण |
|---|---|
| उद्देश्य | खगेन्द्र नवजीवन केन्द्र, जोरपाटीलाई औजार उपकरण खरीद गर्न अनुदान दिने । |
| सञ्चालन प्रक्रिया | १. खगेन्द्र नवजीवन केन्द्रलाई सुविधा सम्पन्न बनाउन आवश्यक औजार उपकरण खरीद गर्न कार्ययोजना तयार गर्ने र पत्राचार गर्ने ।<br>२. तयार गरेको विस्तृत कार्ययोजना मन्त्रालयमा पेश गर्ने ।<br>३. स्वीकृत कार्ययोजना अनुरुप कार्य सञ्चालन गर्न संझौता गरी अनुदान उपलबध गराउने।<br>४. स्वीकृत कार्ययोजना तथा बजेटको परिधिभित्र रहि औजार उपकरणको विस्तृत स्पेसीफिकेसन तथा लःईः तयार गर्ने ।<br>५. प्रचलित सावर्जनिक खरीद ऐन, नियमावली बमोजिम खरीद गर्ने ।<br>६. खरीद गरीएको औजार उपकरण सञ्चालनमा ल्याउने ।<br>७. खरीद पश्चात सो को प्रतिवेदन सामाजिक विकास मन्त्रालयलाई पठाउनुपर्ने । |
| बजेट बाँडफाँड | प्रचलित नियमानुसार खर्च वाँडफाँड गरी कार्यालय प्रमुखबाट टिप्पणी स्वीकृत गराई मात्र कार्यक्रम संचालन गर्नुपर्नेछ । |
| अपेक्षित उपलब्धी | खगेन्द्र नवजीवन केन्द्रलाई सुविधा सम्पन्न बनाउन सहयोग हुने । |
| अनुगमन र मुल्याङ्कन | सामाजिक विकास मन्त्रालयले कार्यक्रमको अनुगमन, मुल्यांकन गर्नुपर्नेछ । |
| प्रतिवेदन प्रणाली | क्रियाकलाप अनुसार प्रतिवेदन गर्नुपर्नेछ । |

**२१· स्वास्थ्यसंग सम्बन्धित प्रोफेसनल संघ मार्फत सेवा प्रदायक, सेवाग्राही र सरोकारबालासंग अन्तरक्रिया**

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू. हजारमा) | समय अवधि (चौमसिक) |
|---|---|---|---|---|---|
| ५.१.९.३ | २६४१३ | ५ | पटक | ३००० | दोश्रो |

| शीर्षक | विवरण |
|---|---|
| उद्देश्य | सेवा प्रदायक, सेवाग्राही र सरोकारबाला बीच अन्तरसम्बन्ध सुधार गरी स्वास्थ्य संस्थामा घट्ने अप्रिय घटना न्यूनीकरण गर्ने । |
| सञ्चालन प्रक्रिया | १. प्रदेश नं· ३ मा क्रियाशील स्वास्थ्यसंग सम्बन्धित प्रोफेसनल संघ(नेपाल चिकित्सक संघ, नेपाल जनस्वास्थ्य संघ, नेपाल नर्सिङ्ग संघ आदि) को सूची तयार गरी ती संस्थासंग बैठक |

| | |
|---|---|
| | गर्ने ।<br>२. सेवा प्रदायक, सेवाग्राही र सरोकारबालासंगको अन्तरसम्बन्ध सुधारका लागि गरीने अन्तरक्रिया, सेवा प्रदायकसंग गोष्ठी लगायतका विभिन्न कार्यक्रम सञ्चालनका लागि कार्ययोजना माग गर्ने ।<br>३. कार्ययोजना अनुरुप कार्यक्रम सञ्चालनका लागि संझौता गरी अनुदान दिने ।<br>४. ती संस्थाले सञ्चालन गरेको कार्यक्रमको अनुगमन गर्ने ।<br>५. कार्यक्रमको प्रतिवेदन सामाजिक विकास मन्त्रालयलाई पठाउनुपर्ने । |
| बजेट बाँडफाँड | प्रचलित नियमानुसार खर्च वाँडफाँड गरी कार्यालय प्रमुखबाट टिप्पणी स्वीकृत गराई मात्र कार्यक्रम संचालन गर्नुपर्नेछ । |
| अपेक्षित उपलव्धी | सेवा प्रदायक, सेवाग्राही र सरोकारबाला बीच अन्तरसम्बन्ध सुधार हुने । |
| अनुगमन र मुल्याङ्कन | सामाजिक विकास मन्त्रालयले कार्यक्रमको अनुगमन, मुल्यांकन गर्नुपर्नेछ । |
| प्रतिवेदन प्रणाली | क्रियाकलाप अनुसार प्रतिवेदन गर्नुपर्नेछ । |

**२२· प्रदेश भित्रका सरकारी अस्पतालहरुका लागि** Minimum Service Standard **का लागि सुधार**

| **PLMBIS Code** | **खर्च शीर्षक** | **लक्ष्य** | **इकाई** | **विनियोजित रकम (रू. हजारमा)** | **समय अवधि (चौमसिक)** |
|---|---|---|---|---|---|
| ७.२.७.५ | २६४१२ | ८ | वटा | ४०००० | पहिलो, दोश्रो, तेश्रो |

| शीर्षक | विवरण |
|---|---|
| उद्देश्य | अस्पतालमा न्यूनतम सेवा मापदण्ड(Minimum Service Standard ) अनुसार सेवा सुधार गर्ने । |
| सञ्चालन प्रक्रिया | १. प्रदेश नं· ३ भित्र सेवा प्रदान गरीरहेका सरकारी अस्पतालको न्यूनतम सेवा मापदण्ड(Minimum Service Standard ) मापन गर्ने ।<br>२. अस्पतालबाट न्यूनतम सेवा मापदण्ड बमोजिमका सेवा प्रदान गर्न देखिएका समस्या, ग्याप समाधानका लागि विस्तृत कार्ययोजना माग गर्ने ।<br>३. कार्ययोजना अनुरुप कार्यक्रम सञ्चालनका लागि संझौता गरी अनुदान दिने ।<br>४. ती संस्थाले सञ्चालन गरेको कार्यक्रमको अनुगमन गर्ने ।<br>५. कार्यक्रमको प्रतिवेदन सामाजिक विकास मन्त्रालयलाई पठाउनुपर्ने । |
| बजेट बाँडफाँड | प्रचलित नियमानुसार खर्च वाँडफाँड गरी कार्यालय प्रमुखबाट टिप्पणी स्वीकृत गराई मात्र कार्यक्रम संचालन गर्नुपर्नेछ । |
| अपेक्षित उपलव्धी | अस्पतालबाट गुणस्तरीय सेवा प्रदान हुने । |
| अनुगमन र मुल्याङ्कन | सामाजिक विकास मन्त्रालयले कार्यक्रमको अनुगमन, मुल्यांकन गर्नुपर्नेछ । |
| प्रतिवेदन प्रणाली | क्रियाकलाप अनुसार प्रतिवेदन गर्नुपर्नेछ । |

**२३· भक्तपुर क्यान्सर अस्पतालका सुधारका लागि चालु अनुदान**

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू. हजारमा) | समय अवधि (चौमसिक) |
|---|---|---|---|---|---|
| ७.२.७.६ | २६४१२ | १ | पटक | १०००० | पहिलो, दोश्रो, तेश्रो |

| शीर्षक | विवरण |
|---|---|
| उद्देश्य | भक्तपुर क्यान्सर अस्पतालबाट गुणस्तरीय सेवा प्रदान गर्न सहयोग गर्ने । |
| सञ्चालन प्रक्रिया | १. भक्तपुर क्यान्सर अस्पताललाई सुविधा सम्पन्न बनाउन आवश्यक पुँजिगत तथा चालुगत सुधारका लागि कार्ययोजना माग गरी पत्राचार गर्ने ।<br>२. तयार गरेको विस्तृत कार्ययोजना मन्त्रालयमा पेश गर्ने ।<br>३. स्वीकृत कार्ययोजना अनुरुप कार्य सञ्चालन गर्न संझौता गरी अनुदान उपलव्ध गराउने ।<br>४. स्वीकृत कार्ययोजना तथा बजेटको परिधिभित्र रहि औजार उपकरणको विस्तृत स्पेसीफिकेसन तथा ल·ई· तयार गर्ने ।<br>५. प्रचलित सावर्जनिक खरीद ऐन, नियमावली बमोजिम खरीद गर्ने ।<br>६. खरीद गरीएको औजार उपकरण सञ्चालनमा ल्याउने ।<br>७. खरीद पश्चात सो को प्रतिवेदन सामाजिक विकास मन्त्रालयलाई पठाउनुपर्नेछ । |
| बजेट बाँडफाँड | प्रचलित नियमानुसार खर्च वाँडफाँड गरी कार्यालय प्रमुखबाट टिप्पणी स्वीकृत गराई मात्र कार्यक्रम संचालन गर्नुपर्नेछ । |
| अपेक्षित उपलव्धी | भक्तपुर क्यान्सर अस्पतालबाट गुणस्तरीय सेवा प्रदान गर्न सहयोग हुने । |
| अनुगमन र मुल्याङ्कन | सामाजिक विकास मन्त्रालयले कार्यक्रमको अनुगमन, मुल्यांकन गर्नुपर्नेछ । |
| प्रतिवेदन प्रणाली | क्रियाकलाप अनुसार प्रतिवेदन गर्नुपर्नेछ । |

**२४· कीटनासक झुल खरीद**

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू. हजारमा) | समय अवधि (चौमसिक) |
|---|---|---|---|---|---|
| ७.२.११.१ | २७२१३ | १ | पटक | २२०० | दोश्रो |

| शीर्षक | विवरण |
|---|---|
| उद्देश्य | गभर्वती महिलालाई मलेरियाबाट रोकथाम गर्न निःशुल्क वितरणका लागि कीटनासक झुल खरीद गर्ने । |
| सञ्चालन प्रक्रिया | १. इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, स्वा· से·वि· संग समन्वय गरी मलेरियाको उच्च जोखिम भएको क्षेत्रको विस्तृत विवरण तयार पार्ने।<br>२. मलेरियाको उच्च जोखिममा बसोवास गर्ने गर्भवती महिलाका लागि निःशुल्क वितरणका लागि खरीद गर्ने किटनाशक झुलको स्पेसीफिकेसन र ल.ई. तयार गर्ने । |

| | |
|---|---|
| | ३. स्पेसीफिकेसनको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय स्वास्थ्य सेवा विभाग, व्यबस्थापन महाशाखाको Technical Specification Bank को सहायता लिन सकिने ।<br>४. सार्वजनिक खरीद ऐन २०६३ र सार्वजनिक खरीद नियमावली २०६३ अनुसार खरीद गरी व्यबस्थापन गर्ने ।<br>५. खरीद प्रक्रिया सम्पन्न पश्चात जिन्सी दाखिला गरी बुँदा नं. १ मा संकलन गरीएको तथ्यांकको आधारमा हस्तान्तरण फारम भरी बुझाउनु पर्नेछ ।<br>६. प्रोटोकल अनुसार वितरण गर्ने ।<br>७. यो खरीद स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र मार्फत समेत गर्न सकिनेछ । |
| बजेट बाँडफाँड | प्रचलित नियमानुसार खर्च वाँडफाँड गरी कार्यालय प्रमुखबाट टिप्पणी स्वीकृत गराई मात्र कार्यक्रम संचालन गर्नुपर्नेछ । |
| अपेक्षित उपलव्धी | किटनासक झुलबाट मेलेरियाको उच्च जोखिममा रहेका गर्भवती महिलाहरु मलेरियाबाट सुरक्षीत रहने । |
| अनुगमन र मुल्याङ्कन | सामाजिक विकास मन्त्रालयले कार्यक्रमको अनुगमन, मुल्यांकन गर्नुपर्नेछ । |
| प्रतिवेदन प्रणाली | क्रियाकलाप अनुसार प्रतिवेदन गर्नुपर्नेछ । |

**२५· मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई चालु अनुदान**

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू. हजारमा) | समय अवधि (चौमसिक) |
|---|---|---|---|---|---|
| ७.२.१३.१ | २६४१२ | १ | पटक | २०००० | प्रथम, दोश्रो, तेश्रो |

| शीर्षक | विवरण |
|---|---|
| उद्देश्य | मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान सञ्चालन गर्ने । |
| सञ्चालन प्रक्रिया | १. प्रतिष्ठान सञ्चालन शुरु गर्नका लागि कार्ययोजना माग गर्ने ।<br>२. स्वीकृत कार्ययोजना अनुसार सञ्चालनका लागि अनुदान प्रदान गर्ने । |
| बजेट बाँडफाँड | प्रचलित नियमानुसार खर्च वाँडफाँड गरी कार्यालय प्रमुखबाट टिप्पणी स्वीकृत गराई मात्र कार्यक्रम संचालन गर्नुपर्नेछ । |
| अपेक्षित उपलव्धी | मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान सञ्चालन हुने । |
| अनुगमन र मुल्याङ्कन | सामाजिक विकास मन्त्रालयले कार्यक्रमको अनुगमन, मुल्यांकन गर्नुपर्नेछ । |
| प्रतिवेदन प्रणाली | क्रियाकलाप अनुसार प्रतिवेदन गर्नुपर्नेछ । |

**२६· योगी नरहरीनाथ योग तथा प्राकृतिक चिकित्सालय विकास, विस्तार स्तरोन्नती**

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू. हजारमा) | समय अवधि (चौमसिक) |
|---|---|---|---|---|---|
| ७.२.७.६ | २६४२३ | १ | पटक | १०००० | पहिलो, दोश्रो, तेश्रो |

| शीर्षक | विवरण |
|---|---|
| उद्देश्य | योगी नरहरीनाथ योग तथा प्राकृतिक चिकित्सालय विकास, विस्तार गर्ने । |
| सञ्चालन प्रक्रिया | १. योगी नरहरीनाथ योग तथा प्राकृतिक चिकित्सालय सञ्चालक समितिको बैठकबाट पारित संस्थाको सेवा विस्तार र स्तरोन्नति योजना माग गर्ने (भौतिक सुधार, भौतिक पुर्वाधार निर्माण तथा मर्मतका कृयाकलापहरु सेवाको प्रभावकारीता तथा गुणस्तर वृध्दि गर्न प्रत्यक्ष सहयोग पुग्ने हुनु पर्ने) ।<br>२. उक्त योजनालाई स्कृतीका लागि सामाजिक विकास मन्त्रायलमा पठाउने ।<br>३. बजेटको परिधि भित्रबाट स्वीकृत योजना अनुसार भौतिक पुर्वाधारको लागत इस्टिमेट तयार गर्ने ।<br>४. प्रचलित सार्वजनिक खरीद ऐन, नियमावली, कार्यविधि बमोजिम स्वीकृत निर्माण गर्ने वा खरीद गर्ने ।<br>५. भौतिक पुर्वाधारको गुणस्तर सुनिश्चिताको लागि नियमित अनुगमनको व्यवस्था गर्नुपर्नेछ । साथै प्रदेश सरकारका सम्बन्धित निकायहरुबाट समेत अनुगमन गरिने ।<br>६. यो कार्यक्रम मन्त्रालय मातहत रहेको सार्वजनिक निर्माण इकाई मार्फत सञ्चालन गर्न सकिनेछ । |
| बजेट बाँडफाँड | प्रचलित नियमानुसार खर्च बाँडफाँड गरी कार्यालय प्रमुखबाट टिप्पणी स्वीकृत गराई मात्र कार्यक्रम संचालन गर्नुपर्नेछ । |
| अपेक्षित उपलव्धी | योगी नरहरीनाथ योग तथा प्राकृतिक चिकित्सालयको विकास विस्तार र स्तरोन्नति भइ गुणस्तरीय सेवा दिन सक्षम हुने। |
| अनुगमन र मुल्याङ्कन | सामाजिक विकास मन्त्रालयले कार्यक्रमको अनुगमन, मुल्यांकन गर्नुपर्नेछ । |
| प्रतिवेदन प्रणाली | क्रियाकलाप अनुसार प्रतिवेदन गर्नुपर्नेछ । |

**२७· विकलाङ्ग, मित्र समूह/ अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापना केन्द्र बनेपा न·पा· ११ लाई अनुदान**

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू. हजारमा) | समय अवधि (चौमसिक) |
|---|---|---|---|---|---|
| २.७.२३.२ | २६४२३ | १ | पटक | ३००० | पहिलो, दोश्रो, तेश्रो |

| शीर्षक | विवरण |
|---|---|
| उद्देश्य | अपाङ्गता क्षेत्रमा क्रियाशील संस्थालाई गुणस्तरीय सेवा प्रदान गर्न सहयोग गर्ने । |

| | |
|---|---|
| सञ्चालन प्रक्रिया | १. विकलाङ्ग, मित्र समूह र अपाङ्ग बाल अस्पताल तथा पुनर्थापना केन्द्र सुविधा सम्पन्न बनाउन आवश्यक पुँजिगत सुधारका लागि  कार्ययोजना माग गर्ने ।<br>२. तयार गरेको विस्तृत कार्ययोजना मन्त्रालयमा पेश गर्ने ।<br>३. स्वीकृत कार्ययोजना अनुरुप कार्य सञ्चालन गर्न संझौता गरी अनुदान उपलब्ध गराउने ।<br>४. स्वीकृत कार्ययोजना तथा बजेटको परिधिभित्र रहि औजार उपकरणको लगायत पुँजिगत कार्यको विस्तृत स्पेसीफिकेसन तथा ल·ई· तयार गर्ने ।<br>५. प्रचलित सावर्जनिक खरीद ऐन, नियमावली बमोजिम खरीद गर्ने ।<br>६. खरीद गरीएको औजार उपकरण सञ्चालनमा ल्याउने ।<br>७. खरीद पश्चात सो को प्रतिवेदन सामाजिक विकास मन्त्रालयमा पठाउनुपर्ने । |
| बजेट बाँडफाँड | प्रचलित नियमानुसार खर्च बाँडफाँड गरी कार्यालय प्रमुखबाट टिप्पणी स्वीकृत गराई मात्र कार्यक्रम संचालन गर्नुपर्नेछ । |
| अपेक्षित उपलव्धी | अपाङ्गता क्षेत्रमा क्रियाशिल संस्थालाई गुणस्तरीय सेवा प्रदान गर्न सहयोग हुने । |
| अनुगमन र मुल्याङ्कन | सामाजिक विकास मन्त्रालयले कार्यक्रमको अनुगमन, मुल्यांकन गर्नुपर्नेछ । |
| प्रतिवेदन प्रणाली | क्रियाकलाप अनुसार प्रतिवेदन गर्नुपर्नेछ । |